# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७ | संख्याः ३ | मितिः २०८१/०३/२५

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको ऐन नं. ३**

# गौमुखी गाउँपालिका विकास समिति ऐन, २०८१

**गाउँ सभाबाट स्वीकृत मितिः २०८१।०३।२३**

**प्रस्तावना-** गौमुखी गाउँपालिका क्षेत्रभित्रका विकास योजना र विकास कार्यहरुलाई शिघ्र र प्रभावकारी ढँगले कार्यान्वयन गर्दै त्यसको उचित व्यवस्था गर्न आवश्यक देखिएकोले गौमुखी गाउँपालिकाको गाउँसभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " गौमुखी गाउँपालिका विकास समिति ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "समिति" भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको समिति सम्झनु पर्छ ।

(ख) " विदेशी एजेन्सी" भन्नाले कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय वा विदेशी संस्था समेत लिइनेछ।

(ग) " सूचित आदेश" भन्नाले स्थानीय राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) " गाउँपालिका" भन्नाले गौमुखी गाउँपालिकालाई सम्झनु पर्छ ।

**३. समिति गठन गर्ने गाउँपालिकाको अधिकार** : (१) गाउँपालिकाले उचित वा आवश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिए बमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गतको प्रत्येक सूचित आदेशद्वारा समितिका काम कर्तव्यहरु तोकिनेछन् र तत्सम्बन्धी अरु विषयहरुको पनि व्यवस्था हुन सक्दछ ।

(३) समितिमा गाउँपालिकाले नियुक्त गरे वमोजिमको व्यक्तिहरु रहनेछन् र सो समिति गठन गर्दा आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ ।

**४. समितिहरुलाई संस्था मान्ने** : दफा (३) अन्तर्गत गठन भएको प्रत्येक समिति अविछिन्न उत्तराधिकारवाला संस्था हुनेछ र त्यस समितिको सबै कामका निमित्त एउटै छाप हुनेछ र व्यक्ति सरह चल अचल सम्पत्ति लेनदेन गर्ने तथा राख्ने त्यस समितिलाई अधिकार हुनेछ । सो समितिले व्यक्तिसरह नालेस गर्न र निजउपर पनि व्यक्ति सरह नालेस उजूर लाग्न सक्नेछ ।

**५. समितिको कोष** : (१) दफा ३ अन्तर्गत गठन गरिएको समितिको कोषमा देहायका कुरा सम्मिलित हुनेछः-

(क) संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका र अरु कुनै गैर-सरकारी संघसंस्था वा व्यक्तिले प्रदान गरेको अनुदान तथा सहयोग रकम, शुल्क र दान दातव्यबाट संकलीत रकम,

(ख) कुनै विदेशी एजेन्सीले दिएको कार्यक्रम सहयोग रकम ।

( २ ) समिति गठन गर्नको निमित्त निकालिएको आदेशमा तोकिएका काममा कार्यक्रमहरु कार्यान्वित गर्नको निमित्त समितिको कोष उपयोग गरिनेछ।

(३) समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्यप्रणाली बमोजिम काम गर्नेछ र सोही बमोजिम हिसाव किताब पनि राख्नेछ ।

तर दफा ३ अन्तर्गत समिति गठन गर्नको निमित्त निकास लिएको आदेशमा लेखिएमा समितिले बनाएका नीति नियममा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**६. समितिका कर्मचारीहरु** : (१) समितिका कामहरु सुचारुरुपले सञ्चालन गर्नको निमित्त आवश्यकतानुसार समितिले कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

तर प्रादेशिक लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्तहरु र तरिका अनुसार बाहेक अरु कुनै तरिकावाट कुनै व्यक्तिलाई नियुक्त गर्नु हुदैन ।

(२) समितिलाई आवश्यक भएको अवस्थामा गाउँपालिकाका कर्मचारीहरुको सेवा लिन सकिनेछ ।

तर त्यसरी खटिएका कारणबाट तिनको साबिकको नोकरीको शर्तहरुमा कुनै असर पर्ने छैन ।

**७. आदेश नियम जारी गर्ने गाउँपालिकाको अधिकार** : समितिको काम कारवाहीको विषयमा गाउँपालिकाले समय समयमा नियम वा आदेश जारी गर्न सक्नेछ र त्यस्ता नियम वा आदेशहरु पालन गर्नु त्यस समतिको कर्तव्य हुनेछ ।

**८. समितिको बिघटन** : (१) समितिले कार्यान्वित गर्न लागेको कुनै विकास योजना वा बिकास कार्य नेपाल सरकारले नै बढी मात्रामा सुचारुरुपले कार्यान्वित गर्न सक्तछ भन्ने वा त्यसको काम पूरा भैसकेको छ भन्ने गाउँपालिकालाई लागेमा गाउँपालिकाले सूचित आदेशद्वारा समितिलाई बिघटन गर्न सक्नेछ ।

(२) समिति विघटन भएको खण्डमा :-

(क) समितिको सबै हक जायजात र ऋण गाउँपालिकाको हुनेछ ।

(ख) समितिसँग लिएका सबै ठेक्काहरु गाउँपालिकासँग लिइएका मानिने छन् ।

**९. मध्यस्थताद्वारा विवादको समाधान गर्ने** : (१) समितिसंग भएको कुनै सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा विवाद उत्पन्न भएमा विवाद समाधानको लागि मध्यस्थ समक्ष पठाउनु पर्ने गरी सो सम्झौतामा ब्यबस्था भएकोमा सोही सम्झौता अनुसार विवाद समाधान हुनेछ ।

(२) विवाद समाधानको लागि उपदफा (१) अन्तर्गत मध्यस्थ समक्ष पठाईएको विवादको सम्बन्धमा साक्षी, प्रमाण बुझने, साक्षीहरुलाई उपस्थिति गराउने र लिखतहरु पेश गराउने अधिकार निजलाई हुनेछ ।

(३) मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुबै पक्षहरु उपर मान्य हुनेछ ।

तर मर्का पर्ने पक्षको प्रचलित कानून बमोजिम तोकिएको अदालतमा पुनरावेदन दिन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(४) मध्यस्थद्वारा भएको निर्णयलाई प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नेछ ।

**१०. नियम बनाउन सक्ने :** यस दफाको उद्देश्य कार्यान्वित गर्न  गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

आज्ञाले,
तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत